# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं फागुन ११गते २०२३ साल [ अतिरिक्ताङ्क ५०

श्री ५ को सरकार

कानून तथा न्याय–मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

### २०२३ सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 699

## निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावनाः– निर्वाचन आयोगको काम, कर्त्तव्य र अधि कारको सम्बन्धमा तत्कालै व्यवस्था गर्नु आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस अध्यादेशको नाम "निर्वाचन आयोग अध्यादेश, २०२३" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा–

(क) "निर्वाचन आयोग" भन्नाले नेपालको संविधान तथा तत्काल प्रचलित नेपाल कानून बमोजिम गठन भएको निर्वाचन आयोग सम्झनु पर्दछ ।

(ख) "निर्वाचन" भन्नाले नेपालको संविधान र तत्काल प्रचलित नेपाल कानून बमोजिम गाउँ पञ्चायत, नगर पञ्चायत, जिल्ला सभा, जिल्ला पञ्चायत, अञ्चल पञ्चायत र राष्ट्रिय पञ्चायतको तथा नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल किसान संगठन, नेपाल मजदूर संगठन र नेपाल भूतपूर्व सैनिक संगठनका सबै तहको निमित्त हुने निर्वाचन सम्झनु पर्दछ ।

३. निर्वाचन आयोगको काम, कर्त्तव्य र अधिकारः– निर्वाचन आयोगलाई देहाय बमोजिमको अधिकार हुनेछः–

(क) निर्वाचन अफिसर नियुक्त गर्ने,

(ख) रिटर्निङ्ग अफिसर, प्रिजाइडिङ्ग अफिसर, पोलिङ्ग अफिसर र अन्य कर्मचारीहरू नियुक्त गर्ने वा नियुक्त गर्न निर्वाचन अफिसरलाई निर्देशन दिने,

(ग) निर्वाचनको काममा सरकारी कर्मचारीको सहयोग लिने,

(घ) निर्वाचन संचालन गर्न अन्य आवश्यक व्यवस्था गर्ने ।

४. निर्वाचन आयोगको निमित्त कर्मचारीहरूको व्यवस्थाः– निर्वाचन आयोगको निमित्ति आवश्यक कर्मचारीहरूको दरवन्दीको व्यवस्था सो आयोगको राय बुझी श्री ५ को सरकारले मिलाई दिनेछ ।

५. निर्वाचन आयोगसंग परामर्श लिनु पर्नेः– गाउँ सभा, नगर पञ्चायत, जिल्ला सभा र अञ्चल सभाको भइरहेको इलाकालाई थपघट गर्नु परेमा वा त्यस्तो थपघट गर्न स्वीकृति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

692

दिनु परेमा श्री ५ को सरकारले वा त्यस कामको निमित्त अधिकार प्राप्त अधिकारीले निर्वाचन आयोगको परामर्श लिनु पर्नेछ ।

६. नर्वाचन सम्बन्धी मुद्दामा वहस पैरवी गर्ने:– निर्वाचन आयोग वा यो अध्यादेश अन्तर्गत नियुक्त निर्वाचन अफिसर, रिटर्निङ्ग अफिसर, प्रिजाइडिङ्ग अफिसर वा पोलिङ्ग अफिसर वादी वा प्रतिवादी भएको निर्वाचन सम्बन्धी मुद्दामा सो आयोग वा अफिसरको तर्फबाट सरकारी वकीलले वहस पैरवी गर्नेछ ।

७. नियमहरू बनाउने अधिकार:– (१) यो अध्यादेशको उद्देश्य पूर्ति गर्न निर्वाचन आयोगले नियमहरू बनाउन सक्नेछ । तर ती नियमहरू श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेपछि मात्र लागू हुने छन् ।

(२) उप–दफा (१) ले दिएको अधिकारको सर्व सामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती नियमहरूद्वारा विशेष गरेर देहायका कुराहरूको व्यवस्था गर्न सकिने छ:–

(क) निर्वाचन संचालन गर्ने कार्यविधि.

(ख) यो अध्यादेश अन्तर्गत नियुक्त निर्वाचन अफिसर, रिटर्निङ्ग अफिसर, प्रिजाइडिङ्ग अफिसर र पोलिङ्ग अफिसरको काम, कर्त्तव्य र अधिकार र त्यस्तो काम, कर्त्तव्य र अधिकारको प्रत्यायोजन,

(ग) निर्वाचनको लागि मतदाताहरूको नामावली तयार गर्ने,

(घ) निर्वाचनमा उम्मेदवार वा अन्य दरखास्त वालाहरूले दाखिल गर्नु पर्ने दस्तूर, धरौटी र धरौटी जफत हुने अवस्था,

(ङ) निर्वाचन आयोगको आन्तरीक कार्य व्यवस्था, र

(च) अरू प्रासंगिक कुराहरू ।

८. आदेश जारी गर्ने:– निर्वाचनको कार्यविधिका सम्बन्धमा निर्वाचन आयोगले आवश्यक आदेश जारी गर्न सक्ने छ र त्यस्तो आदेश यही अध्यादेशमा परे सरह मानिने छ ।

तर सो बमोजिम जारी भएको आदेश दफा ७ अन्तर्गतको नियमसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्क्रिय भएको मानिने छ ।

९. अघिको काम कारवाहीको मान्यता:– यो दफा प्रारम्भ हुनु भन्दा अघि निर्वाचन आयोगबाट वा सो आयोगको निर्देशन बमोजिम निर्वाचनको सम्बन्धमा भए गरेको सबै काम कारवाही यही अध्यादेश बमोजिम भए गरे सरह मानिने छ ।

१०. खारेजी:– निर्वाचन आयोग ऐन, २०२३ खारेज गरिएको छ ।

लालमोहर सदर मिति २०२३।११।११।५

आज्ञाले–

प्रधुम्नलाल राजभण्डारी

श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

692